बैठक संख्या : ७६
मिति :- २०७७/०४/२७ गते (मंगलवार)
समय :- विहान ११ : ०० बजे

कमलामाई नगरपालिकामा नगर प्रमुख श्री खड्ग बहादुर खत्रीज्यूको अध्यक्षतामा निम्नानुसारको उपस्थितिमा कार्यपालिकाको बैठक बस्यो ।

**उपस्थिति**

| | |
|---|---|
| श्री खड्ग बहादुर खत्री | नगर- प्रमुख |
| श्री मन्जु देवकोटा | उप -प्रमुख |
| श्री महेश खतिवडा | वडाअध्यक्ष - १ |
| श्री नवराज थिङ | वडाअध्यक्ष - २ |
| श्री खड्ग प्रसाद चौलागाई | वडाअध्यक्ष - ३ |
| श्री महेन्द्र प्रसाद ढकाल | वडाअध्यक्ष - ४ |
| श्री पूर्ण बहादुर खड्का | वडाअध्यक्ष - ५ |
| श्री उज्ज्वल कुमार थापा | वडाअध्यक्ष - ६ |
| श्री कर्ण बहादुर घिसिङ | वडाअध्यक्ष - ७ |
| श्री टिका बहादुर मुक्तान | वडाअध्यक्ष - ८ |
| श्री देवराज पौडेल | वडाअध्यक्ष - ९ |
| श्री रामहरी ढुङ्गेल | वडाअध्यक्ष - १० |
| श्री राम बहादुर थिङ | वडाअध्यक्ष - ११ |
| श्री ललित बहादुर आले | वडाअध्यक्ष - १२ |
| श्री किरण माझी | वडाअध्यक्ष - १३ |
| श्री जितलाल अधिकारी दनुवार | वडआध्यक्ष - १४ |
| श्री शिव कुमारी रायमाझी | कार्यपालिका सदस्य |
| श्री कान्ता ढकाल | कार्यपालिका सदस्य |
| श्री रुद्र कुमारी कार्की | कार्यपालिका सदस्य |
| श्री पदम कुमारी बस्नेत | कार्यपालिका सदस्य |
| श्री सुनिता सार्की | कार्यपालिका सदस्य |
| श्री केशर बहादुर नेपाली | कार्यपालिका सदस्य |
| श्री झौला अधिकारी दनुवार | कार्यपालिका सदस्य |
| श्री नरेश विश्वकर्मा | कार्यपालिका सदस्य |
| श्री पुरुषोतम सुवेदी | सदस्य- सचिव |

**निर्णय नं. १ :-** विश्व महामारी को रुपमा फैलिएको कोभिड-१९ को अवस्थामा पनि लक डाउन खुकुलो भएको कारणले गर्दा मानिसहरुको भिड भाड वढ्न गई छिमेकी जिल्ला लगाएत नगरपालिका क्षेत्र भित्र पनि दिन प्रति दिन सक्रमण वढ्दै गईरहेको हुदाँ उक्त कोभिड-१९ नियन्त्रणको लागि मिति २०७७।०४।२७ राती १२.०० वजे देखि एक हप्ता सम्मको लागि अति अत्यावश्यक सेवा तथा विपि राजमार्ग वाहेक यस नगर भित्र संचालन हुने यातयात, पसल व्यवासाय लगायत आवत, जावत सम्म लक डाउन गर्ने निर्णय गरियो । साथै नगरपालिका तथा अर्न्तगत वडा कार्यालयवाट प्रदान गरीने सेवाहरु (अत्यावश्यक : स्वास्थ्य ,सरसफाई ,दमकल ,नगर प्रहरी वाहेक) पनि वन्द गर्ने ।

**निर्णय नं. २ :-** निम्न अनुसारका कार्यविधिहरु स्वीकृत गर्ने निर्णय गरियो ।

- वातवरणीय अध्ययन तथा परीक्षण कार्यविधि ,२०७७
- लिलाम सम्बन्धी कार्यविधि ,२०७७
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि,२०७७
- आन्तरिक लेखा परीक्षण कार्यविधि ,२०७७
- व्यवसायकर सम्बन्धी कार्यविधि ,२०७७

**निर्णय नं. ३ :-** आर्थिक वर्ष ०७६।०७७ को वार्षिक समिक्षा यहि मिति २०७७।४।२८ र २९ गते गर्ने भनिएको मा कोभिड -१९ कारणले उक्त कार्यक्रम गर्न कठिनाई भएको हुदा उक्त प्रगति विवरण नगरपालिकाको ~~मिति~~ दिन भित्र वेभ साईड मार्फत सार्वजनिक गर्ने र सम्पूर्ण वडा हरुमा पठाउने निर्णय गरियो ।

**निर्णय नं. ४ :-** निम्न अनुसारका 'घ' वर्गको ईजाजत प्रमाण पत्र स्वीकृत गर्ने निर्णय गरियो ।

- श्री पचनी कन्स्ट्रक्शन प्रा.ली. क.न.पा .७
- श्री सि.एस.कन्स्ट्रक्शन एण्ड कङक्रिट प्रोडक्सन प्रा.लि. -७

**निर्णय नं. ५ :-** शैक्षिक सत्र ०७७।०७८ मा कक्षा अपग्रेड गर्न निवेदन दिएका तपशिलका विद्यालयहरुको पूर्वाधार (मापदण्ड) पुरा भएको हुदाँ उक्त विद्यालयहरुलाई कक्षा थप गर्ने निर्णय गरियो ।

| सि.न. | विद्यालय | थप गर्ने कक्षा | कैफियत |
|---|---|---|---|
| १ | कमला प्रा.वि. चन्दनपुर | ४ | |
| २ | जनचाहना प्रा.वि. वल्लोरामपुर | ४ | |
| ३ | जनज्योति प्रा.वि. कोप्चे | ४ | |
| ४ | गाईड इङ्गिलिस वोर्डिङ्ग स्कुल | ६ | |
| ५ | न्यू स्टार एकेडेमि | ६ | |
| ६ | समता शिक्षा निकेतन | २ | |

र मधुगंगा ईङ्गलिस वोर्डिङ्ग स्कुल ,माईस्थान ईङ्गलिस करकरे ,आधुनिक नमुना एकेडेमी विद्यालयलाई १ महिना भित्र पूर्वाधार पुरा गरेमा कक्षा थप गर्न अनुमति दिने ।

**निर्णय नं.** ६ :- मन्टेश्वरी कक्षा सञ्चालन गर्न र प्रारिम्भक वाल शिक्षा कक्षा संचालन गर्न को लागि आवश्यक कार्यविधी• वनाई मापदण्ड पुरा भए पछि स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं.** ७ :- नगरपालिकावाट निर्माण गरीने भनिएको नगरसभाहल भएको स्थानमा रहेको साविकको सिटीहलको मूल्याकंन गरी लिलाम गर्न कठिनाई देखिएको हँदा नगरपालिका कै तर्फवाट उक्त भवन भत्काई पुन : प्रयोग हुन सक्ने सामाग्रीहरु नगरपालिका कप्पाउण्डमा जम्मा गरेर राख्ने पुन : प्रयोग हुन नसक्ने सामाग्रीहरु खम्वेचोरी स्थित खाली ठाँउमा व्यवस्थापन गर्ने । सो कार्यका लगि फुटकर खर्चवाट रु.पाच लाख खर्च गर्ने ।

**निर्णय नं.** ८ :- नगरसभावाट स्वीकृत भए अनुसार ढुङ्गा ,गिट्टी वालुवा तर्फको रकममा कवोल अंकको १०% रकम छुट दिने भनिएकोमा कवोल अंक र सम्झौता रकममा फरक देखिएको हुँदा उक्त छुट रकम ठेकेदारले सम्झौता गरेको अंकमा नै छुट दिने गरी थप स्पष्टता सहितको निर्णय गरीयो ।

**निर्णय नं.**९ :- घर नक्सा स्वीकृतिका लागि आवश्यक पर्ने मन्जुरीनामा वा वारेशनामा सम्विधित वडा कार्यालयबाटै गरांउने ।

**निर्णय नं.**१० :- सामाजिक सुरक्षा भत्ता कार्ड नवीकरण गर्ने क्रममा कुनै व्यक्तिको मृत्यु दर्ता प्रमाण पत्र वा अन्य प्रमाण सक्कल हराएको र नगरपालिका वा वडा कार्यालयमा सो को प्रतिलिपी/अभिलेख समेत नभएको अवस्थामा कानूनमा स्पष्ट नभएको अवस्थामा हाललाई सम्बन्धित व्यक्तिले पेश गरेको भत्ता प्रयोजन सम्वन्धी कार्डका आधारमा नविकरण गरी दिने ।

**निर्णय नं.**११ :- कमालामाई नगरपालिका वडा नं. ६ स्थत माध्यमिक विद्यालय पानीटयाङकी को नामकरण श्री सिद्धबाबा पानीटयाङकी भनि माध्यमिक विद्यालय पानिटयाङकी नयाँ नाम नामाकरण गर्ने निर्णय गरियो ।

**निर्णय नं.**१२ :- कमलामाई नगरपालिका ६ खम्वेचौर स्थित रहेको सार्वजनिक शौचालय संचालक देवकी विसुंखीले लकडाउन कारण चैत्र देखी आषाढ सम्मको रकम रु.४५००।- तिर्न नसकेको भनि निवदेन दिए अनुसार उक्त रकम छुट दिने निर्णय गरियो ।

**निर्णय नं.१३** :- सिन्धुली वहुमुखि क्याम्पस सिन्धुली लाई कक्षा ११ र १२ मा कम्प्युटर , विज्ञान र कानून विषय थप गर्नका लागि अनुमति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं.१४** :- कमलामाई नगरपालिका निवासी श्री चुडामडि श्रेष्ठ फोक्सोको समस्यावाट केहि समय देखि उपचार गराई रहुन भएको हुँदा उपचार सहयोगार्थ रु.५०,०००।- उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं :- १५** कमलामाई नगरपालिका वडा नं. ९ स्थित भिमान स्वास्थ्य चौकीमा ल्याव संचालन को लागि निम्न अनुसार शुल्क लिई विभिन्न स्वास्थ्य परीक्षण गर्न दर रेट स्वीकृत गर्ने ।

| S.N | TEST | RATE RS. |
|---|---|---|
| 1 | HB | 50.00 |
| 2 | BLOOD GROUPING | 65.00 |
| 3 | UDRL | 115.00 |
| 4 | HIV | 0.00 |
| 5 | HBSAG | 230.00 |
| 6 | BLOOD SUGAR ( R) | 50.00 |
| 7 | BLOOOD SUGAR (PP) | 50.00 |
| 8 | BLOOD SUGAR (F) | 50.00 |
| 9 | URINE (RE) n | 35.00 |
| 10 | ALBUMIN (URIN) | 15.00 |
| 11 | STOOL RE | 35.00 |
| 12 | PREGENCY TEST | 50.00 |
| 13 | TC/DC | 50.00 |
| 14 | ESR | 50.00 |
| 15 | PLATELETS | 115.00 |
| 16 | RAFACTOR | 115.00 |
| 17 | MALARIA | 0.00 |
| 18 | BLOOD UREA | 175.00 |
| 19 | S. CREATING | 175.00 |
| 20 | S. BILIRUBIN (T) | 140.00 |
| 21 | S BILIRUBEN-D | 140.00 |
| 22 | T-CHOLESTROL | 270.00 |
| 23 | WIDAL TEST | 150.00 |
| 24 | CBC | 150.00 |
| 25 | LFT | 600.00 |
| 26 | T.B. SPUTUM CAFD | 0.00 |
| 27 | URIC-ACID | 150.00 |